आज मिति २०७८।०९।०४ गते आइतबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामप्रसाद |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

<u>मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु</u>

मिति २०७८।०९।०४

**<u>बैठकका प्रस्तावहरु</u> :**

प्रस्ताव नं.१) मि.न.पा. क्षेत्र भित्र क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. कार्यापालिका अन्तर्गतका पूंजीगत निर्माण सम्बन्धी योजनाहरु व्यवस्थित रुपमा सञ्चालन गर्न "मिथिला नगरपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७८" पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. कार्यालय, शिक्षा शाखाबाट पेश भए बमोजिम शिक्षा पर्शवचित्र तथा शिक्षा योजना निर्माणको लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) श्री राम जानकी युवा क्लब हरिहरपुरबाट खेलकुद तथा फर्निचर लगायत सामाग्री माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुका प्र.अ.हरुबाट शैक्षिक अवलोकन भ्रमण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.५ कार्यलयबाट वडा भित्र रहेका सम्पूर्ण विद्युत पोलहरुमा बत्ती जडान गर्न तार बल्बको आवश्यकता भएको हुंदा रकम उपलब्ध गराई दिनु हुन भनी सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.१ स्थित श्री विश्वनाथ अरुला आधारभूत विद्यालयबाट विद्यालय परिसर घेराबेरा गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं.४ कार्यालयबाट श्री सहमान कामीको छोरा राम बहादुर विश्वकर्माको खुट्टामा स्टील राखिएको र उक्त स्टील निकाल्न निजको घरको आर्थिक स्थिति निकै कमजोर भएकोले आर्थिक सहायता उपलब्ध गराउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं. ६ स्थित श्री श्री १०८ श्री राम जानकी मन्दिरबाट २०७८ साल मंसिर २१ र २२ गतेका दिन राज जानकी विवाह मेला महोत्सव मनाउने भएकोले आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. कार्यालय कृषि विकास शाखा मार्फत संचालन हुने शसर्त कार्यक्रम अन्तर्गत धान खेती गर्न पकेट क्षेत्र निर्धारण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा वडा नं.३ कार्यालयबाट श्री पदम बहादुर घिसिङको छोरा जवलाल घिसिङले आफ्नो छोरा नवराज घिसिङ मिति २०७८।०७।१४ गते दुर्घटनामा परी मृत्यु भएको हुंदा कियाखर्चको लगि आर्थिक सहयोग पांउ भनी वडा कार्यालयमा दिनु भएको निवेदनका सम्बन्धमा ।

०७८।९।४

प्रस्ताव नं.१२) मि.न.पा. वडा नं.१ स्थित श्री आधारभुत विद्यालयबाट साइकल स्ट्याण्ड र कक्षाकोठा रंगरोगन गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. वडा नं.१ निवासी श्री भिखु महतो र सावित्रिदेवी महतोको संयुक्त निवेदन अनुसार भिखु महतोको खुट्टा भांचिएर उपचार गराउन घरको आर्थिक अवस्था निकै नाजुक रहेको हुंदा आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) मिथिला विहारी नगरपालिका कार्यालय, तारापट्टी, धनुषाबाट बजेट रकम फिर्ताको लागि सिफारिस गरिदिन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१५) नेपाल पर्यटन बोर्डबाट पर्यटन पुर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न पत्राचार भएको सम्बन्धमा ।

प्रस्ताव नं.१६) जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि सामाग्री खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७) मि.न.पा. वडा नं.३ कार्यालयबाट श्री १०८ कार्तिक कुंवर गुम्बा मेला कार्यक्रमको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१८) मि.न.पा. कार्यलयका इन्जिनियर श्री ज्ञानेन्द्र कुमार देव मिति २०७८।०५।१४ देखि लागु हुने गरी उमेरको हदबाट अनिवार्य अवकाश हुनु भएकोमा निजलाई यस आ.व.मा यसै कार्यालयमा कामकाज लगाउने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्र क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि यस न.पा.कार्यालयको च.नं.१४९६ मिति २०७८।०१।२८ को पत्रबाट उपलब्ध गराइएको जग्गा प्रविधिक रुपले उचित नभएको हुंदा उक्त जग्गामा भवन निर्माणका लागि अनुमति प्राप्त नभएकोले अर्को जग्गा उपलब्ध गराउन भनी शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा, जनकपुरधामको च.न.१६६३ मिति २०७८।०३।३१ को पत्रबाट लेखि आएको हुंदा उक्त अस्पताल निर्माणको लागि मि.न.पा वडा नं.७, गैरी टोलमा अवस्थित कि.नं.२ 'क' १६९, क्षेत्रफल अन्दाजी ४ (चार) विघा ऐलानी पर्ति जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. कार्यापालिका अन्तर्गतका उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने पूंजीगत निर्माण सम्बन्धी योजनाहरु व्यवस्थित गर्न "मिथिला नगरपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७८" पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. कार्यालय, शिक्षा शाखाबाट मिति २०७८।०८।२४ मा शिक्षा पर्शवचित्र तथा १० वर्षे शिक्षा योजना निर्माणको लागि रु.१,८५,१००।- तथा साक्षर नेपाल अभियान कार्यक्रम सञ्चालन रु.१५,४०,०००।- बजेट व्यवस्थापन गर्नको लागि टिप्पणी पेश भएकोमा हाललाई बजेट अभावको कारण शिक्षा पर्शवचित्र तथा १० वर्षे शिक्षा योजना निर्माणको लागि मात्र नगर शिक्षा कोषबाट रु.१,८५,१००।- (अक्षरेपी एक लाख पचासी हजार एक सय मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा श्री राम जानकी युवा क्लब हरिहरपुरको च.नं.४२ मिति २०७८।०८।१८ गतेको पत्रबाट खेलकुद तथा फर्निचर लगायत सामाग्री माग भएकोमा उक्त क्लवलाई अन्य सामाजिक परिचालन शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) बराबरको सामाग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुका प्र.अ.हरुबाट शैक्षिक आवलोकन भ्रमण गर्न रु.४,४१,७००।- को लागत अनुमान खुलाई मिति २०७८।०८।१५ मा यस न.पा. कार्यालयमा आर्थिक सहयोगको लागि निवेदन पेश भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,२१,०००।- (अक्षरेपी दुई लाख एक्काईस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यलयको च.नं.४१२ मिति २०७८।०७।१० को पत्रबाट वडा भित्र रहेको सम्पूर्ण विद्युत पोलहरुमा बत्ती जडान गरी गांउ टोललाई उज्यालो गर्नका लागि तार बल्बको आवश्यकता भएको हुंदा अनुमानित लागत रकम उपलब्ध गराई दिनु हुन भनी सिफारिस भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.१,४०,०००।- (अक्षरेपी एक लाख चालीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

०७८।८।४

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ स्थित श्री विश्वनाथ अरुला आधारभूत विद्यालयको च.नं.११ मिति २०७८।०८।१७ को पत्रबाट विद्यालय परिसर घेराबेरा गर्न रु.१५,००,०००।- माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षाकोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ कार्यालयको च.नं.३२५ मिति २०७८।०८।०१ को पत्रबाट श्री सहमान कामीको छोरा राम बहादुर विश्वकर्माको खुट्टामा स्टील राखिएको र उक्त स्टील निकाल्न निजको घरको आर्थिक स्थिति निकै कमजोर भएकोले आर्थिक सहायता उपलब्ध गराउन अनुरोध भएकोमा निजलाई औषधी उपचार गर्न अन्य सामाजिक सहायता शिर्षकबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलबध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं. ६ स्थित श्री श्री १०८ श्री राम जानकी मन्दिरबाट २०७८ साल मंसिर २१ र २२ गतेका दिन राम जानकी विवाह मेला महोत्सव मनाउने भएकोले आर्थिक सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।०८।१५ मा निवेदन पेश भएकोमा नगर प्रमुखज्यूको तोक आदेश बमोजिम उपलब्ध गराइएको रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) खर्च अनुमोदन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१० प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. कार्यालय, कृषि विकास शाखा मार्फत संचालन हुने शसर्त कार्यक्रम अन्तर्गत धान खेती कार्यक्रम गर्न यस न.पा.को वडा नं.१० लाई पकेट क्षेत्र निर्धारण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा मि.न.पा वडा नं.३ कार्यालयको च.नं.९१८ मिति २०७८।०८।१९ को पत्रबाट श्री पदम बहादुर घिसिङको छोरा जवलाल घिसिङले आफ्नो छोरा नवराज घिसिङ मिति २०७८।०७।१४ गते दुर्घटनामा परी मृत्यु भएको हुंदा कियाखर्चको लगि आर्थिक सहयोग पांउ भनी वडा कार्यालयमा निवेदन दिनु भएकोमा श्री नवराज घिसिङलाई कियाखर्चको लागि सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ निवासी श्री भिखु महतो र सावित्रिदेवी महतोको संयुक्त निवेदन अनुसार भिखु महतोको खुट्टा भांचिएर उपचार गराउन घरको आर्थिक अवस्था निकै नाजुक रहेको हुंदा आर्थिक सहयोग माग भएकोमा निजलाई औषधि उपचारको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१८ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ स्थित श्री आधारभुत विद्यालयको च.नं.२२ मिति २०७८।९।०५ बाट साइकल स्ट्याण्ड र कक्षाकोठा रंगरोगन गर्ने आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षाकोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१३ मा छलफल गर्दा मिथिला विहारी नगरपालिका कार्यालय, तारापट्टी, धनुषाको च.नं.५३४ मिति २०७८।०८।२८ को पत्रबाट आ.व.२०७८।०७९ को बजेटबाट श्री सरस्वती युवा क्लब, मिथिला बिहारी नगरपालिका वडा नं.५ मार्फत महिला सशक्तिकरण तथा महिला हिंसा निवारणका लागि कार्यक्रम गर्न गराउन विनियोजन भएको बीस लाख बजेट रकम मिथिला विहारी नगरपालिकाको नाममा निकासा हुनुपर्नेमा भुलवस यस मि.न.पा.कार्यालयको नाममा निकासा भएको हुंदा उक्त रकम रकमान्तरको लागि को.ले.नि.का र सम्बन्धित मन्त्रालयको नाममा अर्थ मन्त्रलयलाई समेत बोधार्थ गरि सिफारिस गरिदिनु हुन अनुरोध भएकोमा उक्त विषयमा थप स्पष्ट हुनुपर्ने देखिएकोले तत्काल उपरोक्त व्यहोराको सिफारिस नगर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१४ मा छलफल गर्दा नेपाल पर्यटन बोर्डको च.नं.४।पसवि।२०७८।७९।२४ मिति २०७८।०८।०७ को पत्रबाट यस न.पा.को वडा नं.७ को नमूना पर्यटक स्थलको सौन्दर्यीकरण गर्नका लागि रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) विनियोजन भएको हुंदा उक्त बजेटबाट मि.न.पा.७ स्थित पर्यटकीय स्थल मिथिला सागर पोखरियामा नेपाल कम्यूनिष्ट पार्टीका नेता स्व. मदन भण्डारीको स्मारक बनाई अन्य थप सौन्दर्यीकरणको कार्य समेत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१५ मा छलफल गर्दा यस मि.न.पा.कार्यालयको आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि सामाग्री खरिद शिर्षकमा विनियोजित रु.३०,००,०००।- बाट उक्त कार्यक्रम सञ्चालन गर्न यस कार्यालयको मिति २०७८।०७।०८ मा भएको निर्णय बमोजिमका सामाग्रीहरु खरिद गर्न प्रकृया थालनि भै प्राप्त प्रस्तावहरुको मूल्यांकन समेत भैसकेको अवस्थामा उक्त कार्यक्रममा केही संशोधन गर्न आवश्यक भएको हुंदा विपद व्यवस्थान शिर्षकमा विनियोजित रकमबाट रु.२०,००,०००।- रकमान्तर गरी जेष्ठ नागरिक सम्मान कार्यक्रममा थप गरी जम्मा रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) विनियोजन गर्ने र उक्त रकमबाट नियमानुसार ५,००० (पांच हजार) थान व्याग यस अघिकै प्रस्ताव बमोजिम खरिद गर्ने, ५००० थान सिरक (Blanket) र ५००० थान हर्लिक्स (Horlicks) खरिद गर्न पुन: प्रकृया उठान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१६ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.६५३ मिति २०७८।०७।२९ को पत्रबाट मिति २०७८ मंसिर ३ र ४ गते श्री १०८ कार्तिक कुंवर गुम्बा मेला कार्यक्रम गर्न उक्त मेला समितिबाट निवेदन प्राप्त भएको हुंदा आर्थिक सहयोग माग भएकोमा नगर प्रमुखज्यूको तोक आदेश बमोजिम अन्य सामाजिक सहायता शिर्षकबाट भुक्तानी भएको रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) को खर्च अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. कार्यलयका इन्जिनियर श्री ज्ञानेन्द्र कुमार देव मिति २०७८।०५।१४ देखि लागु हुने गरी उमेरको हदबाट अनिवार्य अवकाश हुनु भएकोमा निजले सम्पादन गरेका अधिकांश प्राविधिक कार्यहरु सम्पन्न हुन बांकी रहेको साथै निजले यस न.पा. कार्यालयमा मिति २०७८।०८।२३ मा सेवा निरन्तरताको लागि निवेदन समेत पेश गरेको हुंदा निजलाई नियमानुसार हुने गरी बढिमा २०७९ आषाढ मसान्तसम्मको लागि यस न.पा.कार्यालयमा कामकाज लगाउने निर्णय पारित गरियो ।